हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २१, अङ्क : ०८, २०७९ मंसिर ४ गते आइतवार (20 Nove. 2022), मूल्य रु. २०।-



आज प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनका लागि मतदान हुँदैछ । हामी, हाम्रो समाज र देश बनाउन राम्रा उम्मेद्वारलाई छनोट गर्न आफ्नो मत आफैले छाप लगाई मतपेटिकामा खसालौं ।

मतदान केन्द्रमा हवाई गस्तीदेखि कडा सुरक्षा घेरा

सुस्केरा समाचारदाता

काठमाडौं, मङ्सिर - प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले अति संवेदनशील मतदान केन्द्रलाई लक्षित गरी हवाई गस्तीको समेत प्रबन्ध गरिएको बताउनुभएको छ । मतदाताको अधिकार सुरक्षित गर्न आयोग प्रतिबद्ध छ भन्दै उहाँले भन्नुभयो, "मतदान केन्द्र कब्जा गरी जित्न खोज्नेलाई मतदाताले रोक्नुपर्छ, त्यस्ता व्यक्ति त बेइमान हुन् ।"

बिहीबार आयोगले आयोजना गरेको पत्रकार सम्मेलन मार्फत आफ्नो धारणा राख्नुहुँदै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा आवश्यक सुरक्षाकर्मीसहित तीन घेराको सुरक्षा व्यवस्थाका अतिरिक्त ३० मिनेटभित्र पुग्न सक्ने गरी पर्याप्त सुरक्षाकर्मीको रिजर्भ फोर्सको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

त्यस्तै, निर्वाचन बिथोल्ने, बुथ कब्जा गर्नेलगायतका गतिविधि रोक्न आवश्यक सुरक्षा रणनीति अपनाइएको जानकारी दिनुहुँदै प्रमुख निर्वाचन आयुक्त थपलियाले जोखिमका आधार मा सुरक्षा गस्ती परिचालन गरिने र संवेदनशीलतालाई ध्यान दिँदै अधिकार सम्पन्न घुम्ती टोली परिचालन गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनलाई स्वच्छ,

.... .पेज नं. ८ मा

मतदाताहरु आ आफ्नो ठाउँमा पुगे

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर - प्रजातन्त्र, लोकतन्त्र तथा गणतन्त्रात्मक संघीय व्यवस्थाको महत्वपूर्ण पाटोका रुपमा रहेको र मानिएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन हुनका लागि सम्पूर्ण तयारी भैरहेको बेला मतदान गर्न मतदाताहरु पनि घरघर पुगिसकेका छन् ।

विभिन्न गाउँपालिका, नगरपालिका घर भएकाले घर भएकै स्थायी ठेगानामा मतदाता नामावली रहेर सदरमुकाम दुनैमा विभिन्न पेशा व्यवसाय तथा व्यवापार व्यवसाय गरेर बस्ने मतदाताहरु मतदान गर्नका लागि आ आफ्नो घर तर्फ जाँदै गरेको दृश्य रोचक देखिने गरेको थियो ।

यति बेला दुनैबाट चल्ने स्थानीय यातायात जीपहरु विहानदेखि बेलुकीसम्म ओहोर दोहोर गरेको देखिन्थे । जाने आउने सबै मतदानका लागि मतदाता नामावली रहेको स्थानमा सबै जान

.... .पेज नं. ८ मा

अज्ञात रोगले भेडाबाखा मर्न थाले

लालबहादुर बुढा

डोल्पा, मसिंर - आजभोलि उच्च हिमालि भेग हरुमा अत्यधिक मात्रामा जाडो बढिरहेको छ । यस्तै डोल्पा जिल्ला को माथिल्लो भेग लगायत सबै ठाउँहरुमा समेत धेरै नै जाडो बढेको छ । जाडो कै कारण मानिसहरु लगायत पशुबस्तु हरुलाइ समेत बिभिन्न रोगहरु लाग्ने गरेको स्थानिय हरुले बताउँने गरेकाछन । डोल्पा जिल्लाको तल्लो भेगको मुडकेचुला गाउँपालिका को ७ नं. वडा सर्मि लगायत वडा नं ८ ओक्ट र ९ नम्बर वडा होर्त गाउँलगायत अन्य गाउँ हरुमा जाडो को कारणले स्थानीयका भेडाबाखाहरु टाउँको र अनुहार फुल्ने नाकबाट पातलो सिंगान छाड्ने, झोक्राउने जस्ता लक्षण देखा पर्ने र अन्त्य मा मर्ने रोगले सताइ रहेको वडा नं ८ का स्थानिय सुर बहादुर रोकायाले

.... .पेज नं. ८ मा

सबै मतदान केन्द्रमा कर्मचारी पुगे

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर - मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनका लागि बसै मतदान केन्द्रमा मतदानका लागि निर्वाचन कर्मचारीहरु र निर्वाचनको मतदान गराउन आवश्यक मतपत्र लगायत सम्पूर्ण सामग्री मतदान केन्द्रमा पुर्याइएको छ ।

मतदान गराउन डोल्पाका सबै ६८ वटै मतदान केन्द्रमा निर्वाचनका लागि कर्मचारी टोलीहरु पुगिसकेका मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले जनाएको छ ।

चुनावका लागि उपल्लो डोल्पाका विभिन्न मतदान केन्द्रमा समेत निर्वाचन कर्मचारी र मतपत्र लगायतका सामाग्री हेलिकोप्टर मार्फत पुर्याइएको हो । डोल्पामा ६६ स्थायी र २

.... .पेज नं. ८ मा

मतदानको सम्पूर्ण तयारी पुरा:आयोग

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर - आज मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनका लागि गरिने मतदानको सम्पूर्ण तयारी पुरा भएको निर्वाचन आयोगले जनाएको छ ।

चुनावका लागि मतदान सुरु हुन लागेको हो । आज आइतवार बिहान ७ बजेबाट नेपाल भरी एकै चरणमा प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनको मतदान सुरु हुने छ ।

मतदानका लागि सम्पूर्ण मतदान केन्द्रमा तयारी पुरा भएको निर्वाचन आयोगले बताएको छ ।

निर्वाचनका लागि डोल्पामा ६६ वटा स्थायी मतदान केन्द्र र २ वटा अस्थायी मतदान केन्द्र रहेका छन् । यी मतदान केन्द्रमा डोरी टाँग्ने, बेन्च, टेवल लगायतका सामग्रीहरुको व्यवस्थापन गर्ने, मतदान केन्द्रको चार किल्ला तोक्ने लगायतका सम्पूर्ण तयारीका कार्यहरु सकिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले जनाएको छ ।

डोल्पाका सबै मतदान केन्द्रमा

.... .पेज नं. ८ मा

तीन दिनभित्र प्रत्यक्षतर्फको मतगणना सक्ने योजना

रासस

काठमाडौं, मंसिर - आगामी प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको नतिजा तीन दिनभित्र सार्वजनिक गर्ने निर्वाचन आयोगको योजना रहेको छ ।

निर्वाचनको तयारीबारे जानकारी दिन आज आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन भएको तीन दिन अर्थात् मङ्सिर ७ गते बेलुकासम्ममा प्रत्यक्षतर्फका सबै नतिजा सार्वजनिक गरिसकिने कार्ययोजना बताउनुभयो । सबै मतपेटिकाहरू सङ्कलन भएको लगत्तैदेखि मतगणना प्रारम्भ हुनेछ, उहाँले भन्नुभयो, तीन दिनभित्र प्रत्यक्षतर्फ र त्यसको पाँच दिनभित्र समानुपातिकका सबै मतगणना सक्ने गरी योजना बनाएका छौं ।

मङ्सिर २२ गतेभित्र निर्वाचनको सम्पूर्ण नतिजाको प्रतिवेदन आयोगले राष्ट्रपतिसमक्ष बुझाउन चाहेको जनाउँदै उहाँले भन्नुभयो, निर्वाचन प्रक्रियामा सबैको प्रतिबद्धता र सहयोग भएको खण्डमा त्यो सम्भव हुन्छ भन्नेमा आयोग ढुक्क छ । अस्वाभाविकरूपले मतदान भएका केन्द्रलाई आयोगले विशेष सूचीमा राख्ने जानकारी दिँदै प्रमुख निर्वाचन आयुक्त थपलियाले मतदान केन्द्रमा तीन वटा सुरक्षा घेरा रहने व्यवस्था गरिएको बताउनुभयो ।

उहाँले कुनै केन्द्रमा अप्रिय घटना भएमा ३० मिनेटभित्र नेपाली सेना

.... .पेज नं. ८ मा

मतदान केन्द्रमा ... .

स्वतन्त्र, निष्पक्ष, भयरहित, पारदर्शी एवम् विश्वसनीय बनाउन आयोगले आवश्यक सुरक्षा प्रबन्ध मिलाइसकेको छ । निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गने ँ, डर, धाक, धम्की दिने लगायतका कार्यहरू गरी निर्वाचनको स्वच्छतामा असर पुऱ्याउने कुनै पनि गतिविधिहरू रोक्न आवश्यक सुरक्षा रणनीतिसहित सुरक्षाकर्मी परिचालन गरिएको छ ।''

निर्वाचनको सम्पूर्ण तयारी पूरा

प्रमुख निर्वाचन आयुक्त थपलियाले आयोगले मङ्सिर ४ गते एकै चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा गरेको जानकारी दिनुभएको छ । निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार ५७० मतदाताले १० हजार ८९२ मतदान स्थलमा रहेका २२ हजार २२७ मत(दान केन्द्रबाट मताधिकार प्रयोग गदै ँ हुनुहुन्छ । यसैगरी, १४१ अस्थायी मतदान केन्द्र र आफूलाई पायक पने ँ तथा आफू खटिएका मतदान के न्द्रबाट करिब चार लाख ५० हजार अस्थायी मतदाताले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्नु हुनेछ । यो निर्वाचनमा प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि दुई हजार ४१२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यसै गरी, प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई हजार १९९ उम्मेदवारको नाम अन्तिम बन्द सूचीमा कायम गरिएको छ । प्रदे श सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि तीन हजार २२४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने प्रदे श सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ ३ हजार ७०८ जना उम्मे दवारको नाम अन्तिम बन्द सूचीमा कायम छ ।यसरी निर्वाचनमा प्रतिनिधि र प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि कूल पाँच हजार ६३६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने प्रतिनिधि र प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ पाँच हजार ९०७ उम्मे दवारको नाम अन्तिम बन्द सूचीमा कायम गरिएको छ ।आयोगले प्रतिनिधिसभा र प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि मतपत्र तीन करोड ९८ लाख १६ हजार पाँच सय र प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीका लागि चार करोड छ लाख पाँच हजार गरी कूल आठ करोड चार लाख २१ हजार पाँच सय मतपत्र छपाइ गरी दुवानी गरिसकिएको छ ।

मतदाताहरु आ .....

पुगेका हुन् ।

आफूले रोजेका तथा मन परेका उम्मे द्वार र राजनीतिक दललाई मतदान गर्नका लागि मतदाताहरु उत्सुक रहे को जनाइएको छ । यस निर्वाचनमा प्रतिनिधिसभा सदस्यको पहिलो हुने निर्वाचित हुने तथा प्रत्यक्ष र प्रतिनिधिसभा समानुपातिक सदस्य अनि प्रदेशसभा सदस्य पहिलो हुने निर्वाचित हुने तथा प्रत्यक्ष र प्रदे शसभा समानुपातिक सदस्य तर्फ गरी ४ वटा आफूलार्य मनपरेको उम्मेद्वार र राजनीतिक दलको भोटमा एउटा चिन्हमा मात्र स्वस्तिक छाप लगाई छुट्टाछुट्टै मतपेटिकामा खसाल्नु पर्छ ।

मतदानको सम्पूर्ण .....

सर्वदलिय बैठक बस्नेदेखि लिएर कानुन अनुसार मतदानका बेला गर्नु पर्ने सबै तयारी पुरा गरिएको जानकारी आफूलाई आएको मुख्य निर्वाचन अधिकृत बाबुराम सुवेदीले बताउनु भयो । छार्काका खटिएका कर्मचारीहरुले आफूहरुको स्वास्थ्यमा थोरै समस्या देखिएको जनाइएको र बाँकी सबै मतदान केन्द्रमा खटाइएका मतदान टोलीहरु मात्र होइन त्यहाँ वरपरको वातावरण समेत शान्त रहे को मतदान अधिकृतले जनाएको मुख्य निर्वाचन अधिकृत सुवेदीले जानकारी दिनु भयो ।

सबै मतदान केन्द्रमा .....

अस्थायी वटा गरी जम्मा ६८ मतदान केन्द्र रहेका छन् । ती मतदान केन्द्र मध्य उपल्लो डोल्पाका विभिन्न १२ ओटा मतदान केन्द्रमा हिमपात, चिसो लगायत भौगोलिक समस्याका कारण मतदान टोली हिडेर जान सम्भव नभएकाले हेलिकोप्टर बाट पठाउन थालिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले जनाएको छ ।

२ वटा हेलिकोप्टर प्रयोग गरेर पनि सबै कर्मचारीहरुलाई आजै पठाउन नसकिए पछि मतदान अधिकृत, सहायक मतदान अधिकृत, एक जना सहायक कर्मचारी र सुरक्षाकर्मी सहित निर्वाचन सामग्रीहरु मतदान केन्द्रमा पुर्याइएको र बाँकी कर्मचारीहरु भो ली हेलिकोप्टरबाटै पठाइने मुख्य निर्वाचन अधिकृत बाबुराम सुवेदीले जानकारी दिनु भयो ।

तीन दिन भित्र ....

पुग्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो । बुथ कब्जा गरेर चुनाव जित्ने सोच नराख्न राजनीतिक दल र उम्मेदवारलाई सुझाव दिँदै उहाँले वारेसका आधारमा मतदान गर्ने प्रवृत्तिलाई निस्तेज तुल्याइने बताउनुभयो ।

आगामी दुई दिनभित्र मतदान के न्द्र निर्माणको कार्य पूरा भइसक्ने आयोगले जनाएको छ । प्रजातन्त्रको मेरुदण्डका रूपमा रहेको आवधिक निर्वाचनको मुख्य सरोकार पक्ष भने को उम्मेदवार र मतदाता नै हुन् । सार्वजनिक सञ्चार माध्यम र साम(ाजिक सञ्जालमार्फत मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएकाले विगतका जस्तो तडकभडक नभएको आयोगले जनाएको छ ।

यही मङ्सिर ४ गते देशभर एकै चरणमा हुने उक्त निर्वाचनको लगभग सम्पूर्ण तयारी पूरा भएको सो अवसरमा जानकारी दिइयो । उक्त निर्वाचनमा एक करोड ७९ लाख ८० हजार पाँच सय ७० मतदाता कायम छन् । यही मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका बालिग मतादाताले निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

मतदानका लागि १० हजार आठ सय ९२ मतदान स्थलमा २२ हजार दुई सय २७ मतदान केन्द्र कायम गरि एको छ ।

यस्तै एक सय ४१ अस्थायी मत(दान केन्द्र र आफूलाई पायक पने ँ तथा आफू खटिएका मतदान के न्द्रबाट करिब चार लाख ५० हजार अस्थायी मतदाताले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्नुहुनेछ ।

अज्ञात रोगले .. ..

बताउँनुभएको हाम्रा समाचारदाता लाल बहादुर बुढाले मुडकेचुला बाट खबर पठाउँनु भएको छ ।

जाडोको कारण उक्त रोगलागेर हालसम्म वडा नं ८ का स्थानिय नर बहादुर रोकायाका ५ ओटा र ४ ओटा सुर बहादुर रोकायाका भेडा बाखा मरेको बताइएको छ । अन्य गा(उँले हरुकापनि भेडाबाखा पालन गरे का प्रत्योक स्थानियका ४ ,५ ओटा भेडाबाखा मरेर आफुहरुलाइ समस्या भरीरहेको वडा नं ८ का स्थानिय हरुले बताउँने गरेकाछन यो रोग ठुला ठुला भेडाबाखा हरुलाई धेरैलाग्ने बता इएको छ ।

रोगले छोएको १ दिनमानै बाखाहरुको मित्यु भइहाल्ने स्थानियले बताएक(ाछन । यसरिजडो बढडगै माानिस हरुमा पनि रुघाखोकि लाग्ने ज्वरो आउने भइहेको समचार दाता बुढाले बताउँनु भयो । भेडा बाखा मा यसरी रोगलागेर मर्दा निमोनिया लागेको अथवा स्थानिय हरुकोभाषा अनुसार

उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आइबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

निस्वार्थ मतदान

नेपालमा नयाँ राज्य व्यवस्था प्रणाली लागु गर्ने व्यवस्था सहितको जनताले चुनेर पठाएका संविधानसभाका सदस्यहरु तथा जनताका प्रतिनिधिले बनाएको संविधानले निर्दिष्ठ गरेको लोकतान्त्रीक गणतन्त्रात्मक संघीय व्यवस्थामा रहेका विभिन्न तहका सरकार मध्ये प्रदेशसभा र प्रतिनिधिसभा सदस्यको निर्वाचन आज आइतवार हुन गैरहेको छ ।

नयाँ संविधानले व्यवस्था गरे बमोजिम प्रतिनिधिसभा र प्रदे शसभा सदस्यको निर्वाचन दोस्रो पटक हुन लागेको हो । यस अघि २०७४ सालमा पहिलो पटक प्रदेशसभा र प्रतिनिधिसभा सदस्यको निर्वाचन भएको थियो । निर्वाचनमा २ प्रणालीले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य चुन्न मतदान गर्नु पर्ने व्यवस्था रहेको छ । प्रत्यक्ष तथा सबैभन्दा बढि मत प्राप्त गर्ने सदस्य निर्वाचित हुने र देशैभर तथा प्रदेशभरलाई एक एक निर्वाचन क्षेत्र मानेर राजनीतिक दललाई मतदान गर्ने समानुपातिक निर्वाचन प्रणाली मार्फत प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचित गर्नका लागि मतदान हुन लागेको हो ।

यो निर्वाचनका बेला निर्वाचन आयोगले राजनीतिक दलहरुको सहमतिबाट निर्वाचन आचारसंहिता निर्माण गरी लागु गरेको छ । मतदाताहरुले कोही कसैबाट लाभ नलिईकन निस्वार्थ रुपले आफ्नो प्रदेश र देशको विकासका लागि सक्षम व्यक्तिलाई मतदान गरेर राम्रा प्रतिनिधि छान्नु मतदाताको कर्तव्य हो । यही आचरणमा रहेर सबै ले मतदान गर्नु पर्छ । उता उम्मेद्वार र राजनीतिक दलहरुले पनि मतदाताहरुलाई कुनै डर, धाक नदिइकन, लोभलालच, आश्वासनमा नपारिकन स्वस्थ रुपमा मतदानमा आउने वातावरण बनाउनु पर्छ । उनीहरुले बरु आफ्ना घोषणापत्र मार्फत आफ्ना भावी योजना सार्वजनिक गर्ने र प्रचार प्रसारको क्रममा सबै सामु पुर्याउने हो । मतदाताले मनपराएमा मतदान गर्ने हो ।

तर हामी सुन्दै छौं । प्रचार गर्न पाउने अवधिमा मात्र होइन मौन अवधि सुरु भैसके पछि पनि शीर्ष नेताहरुले नै पैसा बाँडे रे । खसि काटे रे । मन्दिर तथा गुम्बामा गएर भाकल गरेर भोट हाल्न कमस खुवाए रे । यो ठाउँमा यति उ ठाउँमा उति पैसा बाँडियो रे । जागिर फालिदिन्छु रे । जागिर दिउला रे । मतदान प्रतिनिधि पठाइएका फर्काइयो रे । फलानो ठाउँमा प्रचार गर्न दिइएन रे । विभिन्न प्रकार का हल्लाहरु आइरहेका छन् । यसले लोकतन्त्रको जग निर्वाचन स्वस्थ, स्वच्छ, निष्पक्ष र भयरहित भएन भन्ने हो । यस प्रकारको वातावरणमा भएको निर्वाचनमा जनताले निस्वार्थ मनले उम्मेद्वार राम्रो देखेर मतदान गरे भनेर भन्न सकिने अवस्था किमार्थ रहदैन ।

त्यस कारण यस प्रकारका विकृतिलाई पन्छाउदै सहि तरिकाबाट मतदाताहरुले स्वस्थ र निस्वार्थ रुपमा मतदान गरी सहि व्यक्ति र राजनीतिक दल छान्ने वातावरण बनाउने काम निर्वाचन आयोगको हो । प्रभावमा नपरि मतदान गर्ने मतदाताले हो । भने निर्वाचनले लगाएको काम निष्पक्ष भएर सम्पन्न गर्ने मतदान तथा निर्वाचनमा खटिएका कर्मचारीहरुले हो । चेतना भया । सबैले एक चोटी सोचौं ।

आगोसँग आउँदै-जाँदै

विष्णु अधिकारी पादुका
बिन्दुको वृत्तबाट

तातो रगतको भेल छिचोलेर
गर्भाशयको ज्वालामुखी
चुहियो चिसो धर्तीमा
अनि भोकको चट्याङले
ब्युँझायो,

पोल्ने ज्ञानले निकै
अल्छीपन देखायो म माथि
झिल्कोले त बल्नै सकेनछ

म त खरानीभित्रको भुतभुते जस्तो
न निभ्न न बल्न सक्ने बनाइएछु
व्यवस्थाका व्यायामहरुले
रोजगारीका रोगहरुले

कति समुद्र चोबलेर पारि हुत्याइएछु
कति लावालस्करमा लम्पसार बनाइएछु
आगो सल्कने डरले
मेरो मुखमा आश्वासनको
जल सिञ्चित भएछ पटकपटक

आगोबाट निस्केको आगो
पानीभित्र पनि बल्ने रहेछ
दाउरा बिना नि जल्ने रहेछ

परिवर्तनका बाछिटाले
शान्त पार्न खोजिने
जुनसुकै शोषण, पीडा
अन्याय र अत्याचारका विरुद्धमा
आगो सल्किन समय लाग्ने मात्र हो
सल्केपछि निभाउन सजिलो हुने छैन,

आगोमा होमिन आउने
जे सुकै र जोसुकैलाई पनि
खरानी बनाउने सामर्थ्य भएर नै
म आगो भएको हुँ

आगो आगो नै हो
खरानी या अँगार नसम्झ
अक्सिजनको आहुती हुँदासम्म
यतैकतै हस्तान्तरण नभई
यो आगो कहिल्यै निभ्ने छैन ।

म तपाईको फ्यान हुन चाहन्छु

यदि तपाई मलाई
म्याग्नाटिक इलेक्ट्रिफाइ
दिइरहन सक्नुहुन्छ भने
यात्री कोपछि लागेर मन्दिर नपुग्दै
प्याज छोएर बिटोलिएको म
तपाईमाथि पनि नपोखिएको होइन,
निरन्तर ऊर्जा पाऊँ न,
म तपाईप्रति स्वार्थी हुन चाहन्छु
म तपाईको फ्यान हुन चाहन्छु

जीवन छनौट गलत थिएन
र त
मृत्युको लागि उपलब्ध छु म,

गिभ मि समथिङ रिफ्रेस यार
डोन्ट मेक मि मोनोटोनस,
अन्धाहरुलाई घुम्ने मेचमा कति घुमाउनु .....

खेलकुद

शिवसुन्दर र राजेन्द्र च्याम्पियन

सुस्केरा समाचारदाता

काठमाडौं, मंसिर - शिवसुन्दर गो थे र राजेन्द्र कपालीले दोस्रो एपीएम अन्तर्राष्ट्रिय भेट्रान टेबलटेनिस प्रतियो गितामा स्वर्ण जित्नुभएको छ। भेट्रान सिंगल्सको पुरुष ४० वर्षमाथि शिव र ५० वर्षमाथि राजेन्द्र पहिलो हुनुभएको हो ।

भैसेपाटीस्थित आयोजक नेपाल एपीएम प्रालिको हलमा भएको ४० वर्षमाथि फाइनलमा तीनपटकका र ाष्ट्रिय च्याम्पियन शिवले अर्का राष्ट्रिय खेलाडी चन्दन शाहीलाई ११-४, ११-६ र ११-७ को सोझो सेटमा पराजित गर्नुभयो । ललितपुर टीटी क्लबका नवीनबहादुर शाक्य र सीवाइसी टीटी क्लबका रविन्द्र शाक्य तेस्रो हुनुभयो । राजेन्द्रले ५० वर्षमाथि स्वर्ण भिडन्तमा ललितपुरका कपुर शर्मा पौडेललाई सीधा सेटमा १२-१०, ११-१ र ११-३ ले हराउनुभयो । सीवाइसीका राजेन्द्र बज्राचार्य र कान्तिपुर भ्याली पिङपोङ क्लबका निशान प्रधान तेस्रो बन्नुभयो । भेट्रान पुरुष टिम इभेन्टमा गोड स्पिनका राजेन्द्र कपाली, शिवसुन्दर गो थे, रोशन प्रधान, रविनमुणि बज्राचार्य र जविन्द्र बज्राचार्यको टोली पहिलो भयो ।

फाइनलमा गोड स्पिनले राजे न्द्र बज्राचार्य, रविन्द्र शाक्य, राजिप बज्राचार्य, किरण व्यञ्जनकार र आ(नन्दरत्न धाक्वा सम्मिलित सीवाइसी टोलीलाई ३-१ ले पाखा लगायो । ललितपुरका चन्दन शाही, जयराम महर्जन, निम जोशी, नवीनबहादुर सिंह र कपुर शर्मा पौडेल तथा आयो



स्वास्थ्य को लागि खेलकुद, राष्ट्रको लागि खेलकुद भन्ने नाराका साथ खेलमा नेपाल पनि अघि बढि रहेको छ ।

निर्वाचन कर्मचारीको सेवासुविधा

रासस

काठमाडौं, मङ्सिर - प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि यसपटक निर्वाचन आयोगले दुई लाख ४६ हजार नौ सय ६० कर्मचारी खटाएको छ। देशभरका २२ हजार दुई सय २७ मतदान केन्द्र, एक सय ४१ अस्थायी मतदान केन्द्र र १० हजार आठ सय ९२ मतदानस्थलमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीलगायत खटाइएका छन् ।

निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र मतगणनास्थलमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको व्यवस्थापनका लागि प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निदे ’शिका, २०७९ कार्यान्वयनमा रहेको छ । यसरी निर्वाचनमा खटिएका कर्मचारीले ‘प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७९’ मा रहेको व्यवस्थाअनुसार विभिन्न सेवासुविधा पाउँछन् ।

मतदान केन्द्र, अस्थायी मतदान केन्द्र तथा मतदानस्थलमा खटिने कर्मचार ीले पाउने सेवा सुविधा निर्वाचन अधिकृतको कार्यालयले उपलब्ध गर ाउँछ। निर्वाचनका क्रममा खर्च हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको नाममा निकासा दिन्छ । कार्यविधिअनुसार मतदान केन्द्रमा खटिने मतदान अधिकृतलाई प्रतिदिन रु दुई हजार पाँच सय, सहायक मतदान अधिकृतलाई रु दुई हजार, सहायक कर्मचारीलाई रु एक हजार छ सय र सहयोगी कर्मचार ीलाई ? एक हजार दुई सय भत्ता उपलब्ध गराइन्छ। सहायक मतदान अधिकृत राजपत्राङ्कितस्तरको कर्मचारी भएमा भने अधिकृतसरह नै दैनिक तथा भ्रमण भत्ता पाउँछन् ।

मतदान अधिकृत, सहायक मत(दान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयबाट मतदान के न्द्रसम्म, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म र निर्वाचन अधिकृतको कार्यालयबाट आफ्नो कार्यालयसम्म जान आउन लाग्ने दिन र मतदान केन्द्रमा बस्ने तीन दिनकोसमेत दैनिक तथा भ्रमण भत्ता दिइन्छ। पैदलयात्रा गर्दा प्रति १५ किलोमिटरलाई एक दिन मानि दैनिक भत्ता उपलब्ध गराउने व्यवस्था छ ।

प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत)ले दैनिक रु दुई हजार पाँच सय, मतगणनाका लागि एकै समयमा एकभन्दा बढी मतगणना टोली परि चालन गरिएकामा प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत)ले प्रत्ये क थप टोलीका लागि पाउने थप र कममा रु एक हजार पाउनेछन् ।

साथै सहायक मतगणना अधिकार ीले प्रतिसिफ्ट दैनिक रु दुई हजार, मतगणना सहायक र कम्प्युटर अपरेटरले प्रतिसिफ्ट रु एक हजार छ सय, र कार्यालय सहयोगीले प्रतिसिफ्ट एक हजार दुई सय पाउनेछन् ।

मतगणनाका व्यवस्थापन खर्चअन्तर्गत २० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले ३० हजार र निर्वाचन अधिकृतको कार्यालयले २५ हजार पाउनेछन्। साथै ५० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले ४० हजार र निर्वाचन अधिकृतको

संस्कृति, कला, बाल संशार

उत्साहपूर्वक सहभागिताको आह्वान

सुस्केरा समाचारदाता

काठमाडौं, मंसिर - राष्ट्रपति विद्या देवी भण्डारीले आइतबार देशभर एकै चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उत्साहपूर्वक सहभागिता जनाउन दे शवासीलाई आह्वान गर्नुभएको छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन, २०७९ का अवसरमा सन्देश जारी गर्दै उहाँले मतदान गर्नु नागरिक अधिकारको उच्चतम् अभ्यास भएको बताउनु भएको छ । राष्ट्रपति भण्डार ीले आवधिक निर्वाचनले जनत(ामा निहित सार्वभौमसत्तालाई औ पचारिकरूपले अभिव्यक्त गर्दै राज्य(शक्तिको वास्तविक स्रोत जनतामा रहे को यथार्थलाई व्यवहारमा प्रतिविम्बित गर्ने बताउनु भयो । जनताले निर्वाचित गरेका प्रतिनिधिबाट मुलुकको शासन सञ्चालन हुनु लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष रहेको उहाँको भनाइ छ ।

राष्ट्रपति भण्डारीले जननिर्वाचित संविधानसभाद्वारा निर्मित नेपालको संविधानले सुनिश्चित गरेको सङ्घीय लो कतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न आमनिर्वाचनको ऐतिहासिक महत्व रहे को बताउनु भएको छ । निष्पक्ष, भय रहित र स्वतन्त्र वातावरणमा नागरिक ले मताधिकार प्रयोग गर्दै सम्पन्न हुने आमनिर्वाचनबाट लोकतान्त्रिक प्रणाली र संस्थाहरू क्रमशः जनउत्तर दायी हुँदै जानेमा राष्ट्रपति भण्डारीले विश्वास व्यक्त गर्नु भएको छ । र ाष्ट्रपति भण्डारीले आम निर्वाचनबाट शासन प्रणालीमा जनताले खोजेको सुशासन र पारदर्शीता स्थापित गर्न मद्दत पुग्ने जनाउँदै स्वस्थ र सबल लोकतन्त्रबाट नै शान्ति, स्थायित्व र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न सकिने उल्लेख गर्नु भएको छ । र ाष्ट्रपतिले आम निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरण कायम गरी सफल बनाउन निर्वाचन आयो ग, सुरक्षा निकाय, राष्ट्रसेवक तथा

सामान्य ज्ञान ०८

१. सन् २०२२ अक्टोबरमा इराकको राष्ट्रपतिमा चयन हुने राजनीतिज्ञ को हुन् ?

- अब्दुल लाटिफ रसिद

२. नेपाल प्रहरीले आफ्नो ६७औँ स्थापना दिवसको अवसरमा लाइफ टाइम अचिभमेन्ट अवार्डबाट कसलाई सम्मानित गऱ्यो ?

- पूर्वएआईजी राजेन्द्रबहादुर सिंह (वि.सं. २०७९ असोज मसान्त)

३. इटालीको पहिलो महिला प्रधानमन्त्रीका रूपमा निर्वाचित हुन सफल नेत्री को हुन् ?

- जर्जिया मेलोनी (शपथ : सन् २०२२ अक्टोबर २२)

दक्षिणपन्थी युरोपेली सङ्घ र आप्रवासन विरोधी ब्रदर्स अफ इटाली पार्टीकी नेत्री मेलोनीको नियुक्ति युरो क्षेत्रको तेस्रो ठूलो अर्थतन्त्र र ब्रदर्स अफ इटालीका लागि ऐतिहासिक घटना हो। सो दल कहिल्यै सर कारमा थिएन ।

युरोपेली सङ्घको सदस्य इटाली युरोपको तेस्रो ठूलो अर्थतन्त्र भएको मुलुकका रूपमा रहेको ।

४. बेलायतको इतिहासमा सबैभन्दा छोटो कार्यकालको प्रधानमन्त्री को हुन् ?

- लिज ट्रस (सन् २०२२ सेप्टेम्बर ६-अक्टोबर २५)

लिज ट्रसले डेढ महिना पदमा रही बेलायतको इतिहासमा सबैभन्दा थोरै समय प्रधानमन्त्री रहने इतिहास बनाएकी छन् ।

कर्णालीलाई फर्केर हेर्दा



तिलक पौडेल

मेरो मुगु र डोल्पा बसाइका बेला

..... हामी पुग्दाको दिन संयोग पानी परेकोले लक्षिन भित्रिएको भन्दथे - गाउँलेहरू । त्यही चिसोमा सुकेको रो पोमाथि फापर छरे । तर पुनः खडेरी घन्कियो । उल्टै दुईछाक खानहुने फापर नि माटोमुनि भयो ।

कोटबाडा जाड ढोलीदाइ बिरामी परेका रहेछन् । उनी ढोली भएपनि पुगिसरीका मान्छे थिए । त्यतातिर छो इछिटाको चलन भएपनि घिउ, मह, भुटेका चिजहरू छोइदैनथ्यो । परिणाम कहिलेकाँही मार्सेका - लट्टेका कसार खान हामी पनि जान्थ्यौं । मान्यता न हो ! सुल्फा छोइन्नथ्यो तर साफी छो इन्थ्यो अथवा आ-आफ्ना साफी प्रयो ग गरेर एउटै सुल्फामा तमाखु खाने गर्दथे, उच-नीच परिभाषाका जातिहरू । हो त नि ! रीतिस्थिति, चालचलन, मान्यता भनेको परम्पराबाट धानिएको धरोहर हो रहेछ !

पोलेको घाउमा नूनचूक !

हामी जाँदा सुतिरहेका थिए, जाडदाइ । ज्वरो आइरहेको थियो । कस्तो छ दाइ ? सोधनी गर्दा भयौं । जाडदाइले के गन्या हजुर माइठर ! अइल ठूला-ठूला मान्ठका दस्हा भयारछन् देखेनौ ? नेपालम्मो विश्वेश्वर पन मडिगए, हफल्लाबाडा मल्ल पध्धान पन पुँडो स्हकिए हेर ! अँझ मुपन थला पडिगएँ, दे क्या गडौं हजुर ?... । (के गर्नु मास्टर साहेब ! यो वर्ष ठूला-ठूला मान्छेका दशा रहेछन्, हेर्नुहोस् । ने पालमा विश्वेश्वर पनि बित्नुभयो, माथिल्ले टोलका मल्ल प्रधान पनि बितिगए, हेर्नुहोस् । फेरि म पनि थला परेकोछु, के गर्नु हजुर !...)

हुनपनि ढोली भएपनि जाडदाइ त्यहा(ँतिर जान्नामान्नामै पर्दथे !

कार्तिकको पनि अन्तिम साता चलिरहेको थियो । मङ्सीरको ६ गते बाट वार्षिक परीक्षा सञ्चालनको समयतालिका प्रकाशित भइसकेको थियो । गाउँलेहरू घरमा साँचो ठो केर थोत्राथाम्राका भारीमाथि हिँड्न नसक्ने केटाकेटी राखेर राजापुरतिर हिँडे । साह्रै कारुणिक दृश्य थियो - त्यो । हामीले अब १५/२० दिनमा छोट्टे/छोट्टीको जाँच सकिन्या हो, आजै क्यालाई हँड्यौ त ! गएपन जाँच सकिएपै जानु नि ! .... (अब १५-२० दिनमा केटाकटीको परीक्षा सकिनेछ, आजै किन हिँड्नु भयो त नि ! जाने नै भएपनि परीक्षा सकिएपछि जानु भएको भए हुन्थ्यो नि !...) भन्यौं । उनीहरू आफ्नो विवशता यसरी पो ख्थे क्या गड्न्या माइटर स्हाहेब ! आज नहँडौं भन्या पछेर बाटाथि खा(न्या सामल हुने नाइँ, एकै जातकका न्याहाँ छाड्ने कुडापन भुएन, अब बँचे पै फागुनको मैना लौटौंलाज्यू, मिले पै जातकका पास गरिदिया हजुर, नभएपै अठबाइगो ! .. । (के गर्नु मास्टर साहेब ! आज साइत नगने ँ हो भने पछि बाटामा खाने चिजबीज सकिन्छ, छोरा/छोरीलाई एक्लै यहाँ छाड्ने कुरा पनि भएन । अब बाँचिएछ भने फागुनमा फर्कनेछौं हजुर ! मिले देखि छोरा/छोरीलाई पास गरिदिनु हो ला हजुर नत्र यत्तिकै हुने भयो !...) विचरा ! अनिकालले पोलेको घाउमा वर्षभरि पढेका केटाकेटीलाई परीक्षामा सामेल गर्न नसक्नुको नुनचुक !!!

जीवनको पहिलो निजामती जागिर !

गाउँका अधिकाँश घरहरूमा ताल(ाबन्दी भयो । अब त गमगढीबाट खाद्यका उसिना चामल ल्याइदिने, घरमा पकाइदिनेहरू पनि रहेनन् । मलाई गमगढीमा कोलेनिका. (को ष तथा लेखा नियन्त्रक कार्यालय) मा रिक्त रहेको लेखापाल पदमा रहेर काम गर्ने प्रस्ताव आयो । हस्तबहादुर मल्लका दाजू पदमबहादुर मल्ल, त्यही कार्यालयमा वरिष्ठ कर्मचारीका रूपमा कार्यरत थिए । चुनावमा लागी परेको व्यहोरा अनि हिसाबकिताब र ाख्न सक्षम ठहरिएका कारण त्यस्तो प्रस्ताव तयार भएको रहेछ । जसमा स्वयं हस्तबहादुरजीको पनि गहनतम भूमिका रहेको थियो भने मसँगै धै नमा कार्यरत दाजू होमबहादुर क्षेत्री - जो लोकसेवाको परीक्षा पास गरेर त्यहीं सह-लेखापालको रूपमा कार्यरत हुनुहुन्थ्यो, वहाँको लोकसेवा तयार ाीमा मबाट पुगेको सहयोगले र स्वयं दाजू-भाइ भएको नाताले पनि यस्तो प्रस्ताव बन्न पुगेको रहेछ ।

म पनि गमको चामल धैन पुर्याएर खानुभन्दा गमगढीमै बस्दा ठीकै हुने ठानेर धैन छाडें । रहे/भएका गाउँले हरूले नजाऊ रे माइटर तिलक ! स्हदैं यइथै अनिकाल लागला क्या ? पोरपूँडो त गुमालभन्दा हामी निको खान्थ्यौं त हैन क्या ?.... भन्दथे । तर म भने सरकारी जागिरे - निजामती हुने रहरले मात्र जाने नै निधो गरेथें । म पुग्दाको दिन अन्तिम मिति भएको सूचना प्रकाशित भई म मात्रको दर खास्त दर्ता भयो । भोलिपल्ट अन्तर वार्ता लिइटोपलेर मलाई लेखापालको नियुक्ति दिइयो । यसरी म पहिलोचोटि निजामती जागिरे बनेथें ।

जीवनमा नयाँ कामको सुरुवात !

साइनबोर्ड लेखक - आर्टिस्ट ...

वास्तवमा त्यहाँ कार्यरत साथी दुर्गासिंह थापाको सरुवा भएर खाली भएको पदमा म नियुक्त भएको रहछु । वहाँ आर्टिस्ट पनि भएकोले साइनबोर्डहरू लेख्ने काम पनि गर्नुहुँदो रहेछ । वहाँका कुची र रङहरू मलाई हस्तान्तरण गरि दिनु भएकाले अब मपनि आर्टिस्टका रूपमा साइनबोर्ड लेख्ने बन्दो भएँ । संयोग, विकेन्द्रीकरण ऐन २०३९ र कार्यव्यवस्था नियमावली २०४१ ले सम्पूर्ण विकासे कार्यालयहरू जिल्ला कार्यालय, शिक्षा शाखा जस्तोबाट जिल्ला पञ्चायत सचिवालय, शिक्षा शाखा मा नाउँ परिवर्तन गर्नुपर्ने वै धानिक व्यवस्था सुरु भयो ।

हाम्रो आवास, प्रमुख जिल्ला अधिकारी हेमराज सापकोटाका सन्मुखै थियो । विविध ट्रिकका ज्ञाता निज प्रजिअ. उच्च रक्तचापका रोगी थिए । कहिले आदरपूर्वक गरेको नमस्कार नफर्काउने गर्थे त कहिले हामी नउठ्दै हाम्रो कोठा ढक्ढक्याउँथे । एक बिहान हाम्रो कोठामा आई मेरो डायरी पल्टाउन थाल्नुभयो । मेरा छापाप्रकृतिका नाम(ाङ्न देखेर ए तिलक ! यो तिमीले नै लेखेको हो ? सोध्नुभयो । हजुर सर । को मेरो उत्तरपछि लौ अब दुर्गा सरुवा भयो भनेर चिन्ता मान्नु परेन, सबै अड्डाका साइनबोर्डहरू फेर्नुपर्ने भएक(ाछन् । जुम्ला पुर्याएर, लेखाएर ल्याउँ(दा कर्मचारीको दैनिक भ्रमण भत्ता, बोर्डको लेखाइखर्चभन्दा सस्तो हुनेगरी यिनै भएका बोर्डहरूमा पुनर्लेखन गर्दा हुनेभयो । मैले कार्यालय प्रमुखहरूको बैठकमा निर्देशन जारी गरिदिन्छु, तिमीले बिहान-बेलुका साइनबोर्ड लेख्नुपर्ने भयो .... भन्नुभयो । मैले पनि सानन्द दुर्गाजीका कुचीहरू र र हलपहल रङ/इनामेल, टर्पिनटाइन आदि यहीं छन्, सरबाट आदेश हुन्छ भने म हाजीर छु नि हजुर ! भन्दो भएँ । साँझ होमबहादुर दाइको सहयोगमा कूचीहरू मिलाउने काम गरें । हुनपनि निम्नानुसारको कला हेर्दा अहिले पनि मेरै सिर्जना हो र ! जस्तो लाग्दछ ।

स्वपौरखमा रमाउनै पर्ने परिवेश !

जिल्ला शिक्षा कार्यालयमा प्राथमिक विद्यालय निरीक्षक हुनुहुन्थ्यो - प्यूठानका दामोदर शर्मा । वहाले मलाई भाइलाई भँै माया मान्नुहुन्थ्यो । उल्लिखित बमोजिमको साइनबोर्ड लेख्ने कार्यमा वहाँको प्रेरणा मेराल(ागि सदा स्मरणीय छ । खार्सीको जानकारीसम्म नभएको म, होमद(ाइको सहयोगमा पुराना बोर्डहरू ब्लेडले खुर्केर सफा बनाई इनामेल पोत्दथें । रङ्गिन चकको प्रयोग नहुँदा सिसाकलमले बोर्डमा बनाएको आर्क पुछेर फिनिसिङ्ग गर्न गाह्रो हुन्थ्यो । बोर्डभरिको आर्क बनाउन धागोको सहयोग वहाँबाटै प्राप्त भएको थियो । २०४१ साल चैत्र २४ गते शनिबार (जीवनको २२ औं वर्षमा) पहिलोपल्ट जिल्ला पञ्चायत सचिवालय, कृषि शाखा नामको साइनबोर्ड लेखें । दामो दरदाइ र होमदाइले राम्रो लेखेको भनी दिनुभएको प्रतिक्रियाले थप हौसला मिल्यो । ..... क्रमशः .....

ठुलीभेरी नगरपालिकाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि वन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

ठुलीभेरी नगरपालिकाको कार्यालय

जुफाल, डोल्पा

संसदीय व्यवस्था र प्रतिनिधिको नियत

- विष्णुप्रसाद खनाल(राजधानीबाट)

संसदीय व्यवस्था लोकतन्त्रको गहना हो । यस्तो प्रणालीमा जनताले छनोट गरेका प्रतिनिधिहरूले शासन गर्नुका साथै सबैको प्रतिनिधित्व हुने र लो कतन्त्र तथा प्रजातन्त्रको अभ्यास पनि गर्ने गरिन्छ । यस्तो व्यवस्थामा जनताले आफ्नो प्रतिनिधि छनोट गरेर देशको नीतिनिर्माण तहमा पठाउने गर्छन् अर्थात् राज्य सञ्चालनका लागि नीति निर्माण गर्ने थलो नै संसद् हो । संसदीय व्यवस्था र यसको विकासको सन्दर्भमा बेलायतको संसद् (सन् १२२५ म्याग्नाकाटा सम्झौता), स्पे नको संसद् (कार्टेस, १३औं शताब्दी), संयुक्त राज्य अमेरिकाको संसद् (सन् १७७६ जुलाई ४) नेपालको संसद् (२०१६ असार १६), भारतको संसद् (सन् १९५० जनवरी २६), चीनको संसद् (१८ मे, सन् १९४८), जापानको संसद् (सन् १८९०), इटालीको संसद् (सन् १८६१), फ्रान्सको संसद् (सन् १७९१), जर्मनीको संसद् (सन् १८७१), पाकिस्तानको संसद् (सन् १९५६ मार्च २३), क्यानडाको संसद् (सन् १८६७ जुलाई १), अस्ट्रेलियाको संसद् (सन् १९०१ मे ९) र दक्षिण अफ्रिकाको संसद् (सन् १९१०) जस्ता संसद्का अभ्यासले संसद् र प्रतिनिधिहरूको भूमिका र जिम्मेवारीलाई स्पष्ट पार्छ । संसद्का प्रतिनिधि तथा सांसदको नियत नै गलत भयो भने देश अन धकारतर्फ जाने मात्रै होइन, देशको अस्तित्व नै समाप्त हुनसक्छ । संसार मा विभिन्न देशमा प्रतिनिधिको गलत नियतका कारण धेरै देशले आफ्नो अस्तित्व नै गुमाउनुपरेको छ भने कतिपय देशमा अन्य देशको अधि(नमा बस्नु परेको इतिहास साक्षी छ । यदि गलत नियतका प्रतिनिधिको प्रतिनिधित्व संसद् वा सरकारमा भयो भने त्यो देशमा तर्जुमा गर्ने कानुन पनि निरंकुश हुने र देश नै तहसनहस हुने स्थिति आउन सक्छ । त्यसैले, प्रतिनिधिहरूको नियत भने सफा र ठिक हुनुपर्छ ।

नेपालको सन्दर्भमा खासगरी त्यस्ता धेरै घटना छन्, जसले देशलाई धेरै पछाडि धकलेका छन् । जनताले पटक पटक आन्दोलन गरी जनताले बलि चढाउनुपरेको छ । कतिपय दे शमा शासक वा त्यो देशको राजा तथा प्रधानमन्त्रीले गरेका गल्तीले दे श नै संकटमा परेको इतिहास साक्षी छन् । खासगरी नेपालको इतिहासमा नेपालको एकीकरणसँगै विशाल बने को नेपालका राणाकालीन शासकको नियत र गलत क्रियाकलापको कारण विशाल नेपालको धेरैजसो भूभाग गुमाई हालको अवस्था खुम्चिनुपरेको थियो । सुगौली सन्धिजस्तो असमान सन्धिमा हस्ताक्षर गर्नुपरेको थियो । इस्ट इन्डिया कम्पनी र नेपालका बीचमा सन् १८१५ डिसेम्बर २ मा हस्ताक्षर भई सन् १८१६ मार्च ४ मा अनुमोदन भएको भएको सुगौली सन्(धमा राजगुरु गजराज मिश्र, चन्द्रशेखर उपाध्यायको गलत नियतका कारण साथै नेपालका तत्कालीन शासकको नियतका कारण उक्त भूभाग गुमेको स्पष्ट छ । इतिहासको कालखण्डमा नेपालमा कोतपर्व (१९०३ भदौ ३१), भण्डारखाल पर्व (१९०३ कात्तिक १२), मकै पर्व (१९७७), दरबार हत्याकाण्ड (२०५८ जेठ १९) जस्ता घटनाक्रम पनि खराब नियतका कारण भएको पाइन्छ । एकातिर प्रतिनिधि तथा शासकहरूको व्यक्तिगत स्वार्थ र पछिल्लो समयमा देखा परेको दलगत स्वार्थका कारणले पनि संसदीय व्यवस्थाका प्रतिनिधिहरूको नियतमा प्रश्न उठन थालेको छ । विगतका घटनाक्रमलाई सूक्ष्म रूपमा नियाल्ने हो भने हरेक घटनामा प्रतिनिधिको नियतमाथि प्रश्न गर्नुपर्ने स्पष्ट दे खिन्छ । सन् १९७५ मा भएको सिक्किमको भारतमा विलयका लागि जनमत संग्रहमा जुन मत प्राप्त भयो, त्यो पनि एउटा गलत नियतको प्रतिनिधित्व भएको कारण त्यो देशको अस्तित्व नै समाप्त भयो । संसदीय व्यवस्थामा आन्तरिक र बाह्य प्रभावले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ, जसलाई भारत र पाकिस्तानको विभाजन (सन् १९४७ अगस्ट १५) र उत्तर र दक्षिण कोरियाको विभा(जनमा त झनै ठूला शक्तिराष्ट्रको प्रभाव र उनीहरूको नियत स्पष्ट दे ख्न सकिन्छ । संसदीय व्यवस्थाको विकल्प अन्य व्यवस्था भने होइन तर जबजब संसदीय व्यवस्थामा विकृति, विसंगतिको चाङ लाग्न थाल्छ । आपर धिक मानसिकतासे जरा गाडन थाल्छ, भ्रष्टाचार मौलाउँदै जान्छ तब प्रतिनिधिहरूको नियतमा समेत प्रश्न उठ्नु स्वाभाविक हो । ७ फागुनदे खि २१ चैत २०१५ सम्म भएको प्रतिनिधिसभाको निर्वाचन र जनताका प्रतिनिधि रहेको प्रतिनिधिसभा किन दुई वर्ष पनि टिक्न सकेन ? तत्कालीन राजा महेन्द्रले जारी गरेको सन्देशबाट नेपालमा जनप्रतिनिधिहरूको कारणले भ्रष्टाचार बढ्दै गयो भन्ने वाक्यले प्रतिनिधिहरूको नियतमाथि प्रश्न गने ठाउँ दिएको छ । २०३७ सालको जनमत संग्रहमा कम्युनिस्टहरू किन सुधारिएको पञ्चायतको पक्षमा लागे ? प्रश्न यहाँनेर पनि छ ।

जनताले आफ्नो मतद्वारा छनोट गरी पठाएका प्रतिनिधि किन भ्रष्टाचार मा मुछिन्छन् ? कोसी, गण्डकी, महाकाली सम्झौता गर्नुपर्ने अवस्था किन आयो ? सार्वजनिक संस्थान के कारणले घाटामा गए ? २०४७ सालदेखि हालसम्म २९ वटा सर कार बन्दा विकसित हुनुपर्ने देश किन विकास हुन सकेन ? यस्ता धेरै प्रश्नले गर्दा संसदीय व्यवस्थामा समे त प्रश्नचिह्न खडा भएको छ । ने पालमा यति धेरै प्रतिनिधि आवश्यक छ वा छैन ? अनावश्यक संरचनालाई हटाउँदा देशमा के नै बिग्रन्छ ? कतै संसदीय व्यवस्था नेता व्यवस्थापन गर्ने माध्यम त बनेको छैन ? भन्ने प्रश्नमा समेत बहस हुन थालेको छ । सबै क्षेत्र, जात, धर्म, भाषा, भूगो ल, समुदाय आदिको प्रतिनिधित्व हुनु राम्रो पक्ष हो तर प्रतिनिधिहरूको नियतमा खराबी भयो भने त्यसले समाज र देशको हित गर्दैन । राज्य सञ्चालनको सवालमा खासगरी दुई प्रकारका शासन व्यवस्था रहिआएका छन् । राजतन्त्रात्मक र गणतन्त्रात्मक व्यवस्था अभ्यासमा रहेको पाइन्छ । राजतन्त्रात्मक व्यवस्थाको तुलनामा गणतन्त्रात्मक शासन व्यवस्था अलि बढी प्रजातान्त्रिक र जनताको शासनका रूपमा देखापर्ने गर्छ । तथ(ापि, आलंकारिक राजतन्त्र रहेको दे शमा पनि प्रजातन्त्रको अनुभूति गर्न नसकिने भने होइन । संसारभर रहे का प्रत्येक देशमा इतिहासको कुनै न कुनै कालखण्डमा राज्य सञ्चालनको व्यवस्थाका लागि विद्रोह, जनआन्दो लन तथा संघर्ष हुने गरेको इतिहास साक्षी छ । संसदीय व्यवस्थाको जन्म भने बेलायतबाट भएको मानिए तापनि प्राचीन कालमा इटालीको रो ममा समेत जनताका पक्षमा आवाज नउठेका होइनन् । नेपालमा १५ जेठ २०६५ मा विधिवत रूपमा राजतन्त्रको अन्त्य भएको थियो भने उत्तरी छिमे की चीनमा सन् १९१२ फेब्रुअरी १२ मा २ सन् ६७ बर्से लामो राजतन्त्रको अन्त्य भएर गणतन्त्र आए तापनि वास्तविक रूपमा भने सन् १९४९ मा मात्र गणतन्त्रले मूर्तरूप पाएको थियो । भारतको सन्दर्भमा भने भारतका र जाहरूमाथि नै ब्रिटिसले शासन गरे का कारण बेलायतको औपनिवेशबाट भारत स्वतन्त्र भएपछि मात्र गणत(न्त्रको स्थापना भएको पाइन्छ । त्यसो त संयुक्त राज्य अमेरिकाको इतिहास पनि उस्तै छ । जर्ज तृतीयको शासन अवधिमा अमेरिकामा स्तन्त्रता आन्दो लन भएपछि त्यहाँ गणतन्त्रको स्थाप(ना भएको थियो । फ्रान्समा औद्योगिक क्रान्तिपछि राजतन्त्रको अन्त्य भयो भने रसियामा निकोलास द्वितीयको अन्त्यसँगै गणतन्त्रको स्थापना भएको हो । राजनीतिक दलमा आन्तरिक वै चारिक संघर्ष हुनु स्वाभाविक पनि हो तर पछिल्लो समयमा खासगरी राज(नीतिक दलको नेतृत्व तानाशाही बन्दै गएको प्रवृत्तिले संसदीय व्यवस्थामा देखापर्ने प्रजातान्तिक अभ्यासलाई निषेध गर्दै जाने निश्चित छ र अन्ततः संसदीय व्यवस्था र त्यसका प्रतिनिधिहरूको नियतमाथि प्रश्न उठ्ने छ । .. क्रमशः ..(राजधानीबाट)

स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसंग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दनै, डोल्पा

देश र जनताको हित गर्ने दक्ष व्यक्तिको छनोट

- श्रीप्रसाद प्रसाईं

राजनीतिक व्यक्तिलाई नेता मान्दै आएका नेपालीले लोकतन्त्र स्थापित भएपछि नेताका स्वरूपमा पनि परिवर्तन आएको पाए । यसक्रममा लोकतन्त्रले नै विभिन्न क्षेत्र सम्बद्ध व्यक्तिलाई नेताकै रूपमा स्थापित गराउँदै ल्याएपछि वास्तविक राजनेता भने ओझेलमा पर्दै आए । अहिले राजनीतिक मात्र होइन, अन्य विविध क्षेत्रमा प्रसिद्धि कमाएकै व्यक्ति पनि राजनेतामा परिणत हुँदै आएका छन् । यस्तो क्षेत्र परिवर्तित नेता अनेकौं भइसकेका छन् । तीमध्ये भ्रष्ट एवं लुटेराको नेता, गुन्डा एवं तस्करको नेता, दलालको नेता, उद्योगपति एवं कालोबजारियाको नेता, बिचौलियाको नेता, लुटेरा एवं वेश्यावृत्तिको नेता, चोरडाकाको नेता तथा आपराधिक समूहको नेता अहिले अग्रपंक्तिका राजनेतामा परिणत भएका व्यक्ति हुन् । पेसेवर रूपमा कहलिएका यस्तै व्यक्तिलाई नेता मानिएन भने उनीहरूको मानमर्दन गरेको आरोपमा कारबाहीमै पर्ने डर हुन्छ ।

यस्तै प्रकृतिका अनेकौं नेताको समूहभित्र अहिले सक्कली राजनेताको हो भनी खोजी गर्नुपर्ने अवस्था छ । किनकि, सक्कली राजनेता अत्यन्त दुर्बल बन्दै गएका छन् । भएका अधिकांश राजनेता पनि क्षेत्र एवं विषयगत नेतासँगको घुलमिलबाट दूषित बन्दै आएका छन् । संगतकै प्रभावमा वास्तविक राजनेता पनि विभिन्न समूहमा विभिजित हुँदै गए । राजनेताको वर्गीकरण पनि अहिले अरू कसैले गरिरहनै पर्दैन । नेता आफ्नै कार्यशैली र व्यवहारले नै वर्गीकृत गराउँदै ल्याएको छ । यसक्रममा अल्पसंख्यक व्यक्तिले मात्र वास्तविक राजनेताको पगरी धानिरहेका छन् । सक्कली नेताको कर्तव्य क्षेत्र मुलुकको सम्पूर्ण भौगोलिक क्षेत्रसम्म फैलिएको हुन्छ । तर, अहिलेका नेताहरू अधिकांशतः विशेष भौगोलिक क्षेत्र सीमित नेता, जातीय एवं साम्प्रदायिक नेता, कोही समूह विशेष सम्बद्ध नेता त कोही जिल्लास्तरीय नेता एवं कोही निर्वाचन क्षेत्र सम्बन्धित नेताकै रूपमा चिनिन्छन् ।

वास्तविक राजनेता निर्वाचन क्षेत्र र जिल्लास्तरसम्म मात्र सीमित हुँदैनन्, उनीहरू मुलुककै नेताका रूपमा चिनिन्छन् । त्यस्ता व्यक्तिका निम्ति सिंगो मुलुक नै आफ्नो हुन्छ । मुलुकलाई आफ्नो ठान्ने राजनेताको विलय हुँदै गएकाले यस्तै व्यक्ति खोजी खोजी राष्ट्रिय राजनीतिमा स्थापित गराउने अवस्था सिर्जना भइसकेको छ । आगामी मंसिर ४ को निर्वाचन यसको उपयुक्त अवसर हो । संघीय एवं प्रदेश संसद्को यस निर्वाचनमा मतदाताले देश र देशवासीलाई आफ्नो ठान्ने सक्कली राजनेता छानी संसद्मा पुऱ्याउनुपर्ने सम्बद्ध विषयवस्तुलाई यस आलेखमा समेटिएको छ ।

नेताका रूपमा चर्चित बन्दै आएका अहिलेका कथित दलीय शीर्षस्थ नेताको कार्यशैली र व्यवहारसँग नेपाली जनता अनभिज्ञ छैनन् । पटक-पटक प्रधानमन्त्री बन्दै आएका वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवालाई नै यसको दृष्टान्तका रूपमा लिन सकिन्छ । प्रधानमन्त्री भइसकेका अन्य सबैले निर्वाचन क्षेत्र र त्यहाँका जनतालाई आफ्नो अन्य क्षेत्र र सिंगो मुलुककै जनतालाई पराइ ठान्दै आएको उनीहरूको व्यवहारबाटै झल्कन्छ । आफ्नै निर्वाचन क्षेत्रको विकासलाई देशको विकास ठान्ने, निर्वाचन क्षेत्रका जनतालाई सुविधा प्रदान गरे समस्त देशवासीले नै सुविधा पाएको मान्ने मानसिकतामा आधारित उनीहरूको कार्यशैली नै समस्त देशवासीको उन्नति र प्रगतिको बाधक बन्दै आएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाको आफ्नो निर्वाचन क्षेत्रप्रतिको दृष्टिकोण कस्तो छ ? भन्ने बुझ्न उनकै धर्मपत्नी एवं कांग्रेसकी नेतृ डा. आरजु राणा देउवाको चुनावमुखी पछिल्लो अभिव्यक्तिले नै जनाउँछ । किनकि, देउवापत्नी आरजुको कथनलाई प्रधानमन्त्री देउवाकै कथन मान्नुपर्छ ।

स्मरण रहोस्, निर्वाचन आचार संहिता लागू भइसकेकै अवस्थामा केही समय पहिले गृह जिल्ला डडेल्धुराको चुनावी आमसभामा आरजुले प्रधानमन्त्री देउवालाई आगामी निर्वाचनमा विजय गराए गृह जिल्लाबाट विदेश जाने जोसुकैले पनि निःशुल्क जान पाउने, हेलिकोप्टर चढेर आउनेलाई मत दिनुपर्ने अभिव्यक्ति दिइन् । आरजु राणाको यो अभिव्यक्तिभित्र मुख्य त विदेश जाँदा लाग्ने रकम उनले आफ्नै निजी स्रोतबाट बेहोर्लिन् वा राष्ट्रिय बजेटबाट ? प्रधानमन्त्रीको हैसियतले देउवाले यस्तो सुविधा गृह जिल्लाका मतदातालाई मात्र दिन्छन् कि, अन्य सबै जिल्लाकालाई पनि दिन्छन् ? आरजु राणाले आफ्नो निजी स्रोतबाटै प्रदान गर्ने हो भने त्यसको स्रोत देखाउन सक्छिन्, सक्दिनन् ? त्यस्तै आशयको अभिव्यक्ति दिने पूर्वप्रधानमन्त्री माधवकुमार नेपालविरुद्ध कारबाहीको प्रक्रिया अगाडि बढाउने निर्वाचन आयोगले प्रधानमन्त्री देउवापत्नी डा. आरजु देउवाविरुद्ध कारबाही किन अघि बढाएन ? प्रधानमन्त्री र उनकी पत्नीले मुलुकको कानुन पालन गर्नुपर्छ कि पर्दैन ? भन्ने सवाल आरजु राणाको अभिव्यक्तिसँगै जोडिएको छ । त्यसको जवाफ कसले दिने देउवा वा आरजुले ? त्यो उनीहरूले नै बुझनुपर्ने कुरा हो ।

प्रधानमन्त्रीपत्नी आरजु राणा देउवा सम्बद्ध उपरोक्त अभिव्यक्तिले पटक-पटक प्रधानमन्त्री भइसकेको व्यक्तिकै नेतृत्व आमनेपालीको हितमा भन्दा आफ्नै निर्वाचन क्षेत्रको हितमा केन्द्रित भएको पुष्टि गर्छ । लोकतन्त्र स्थापना भएयता यस्तै मानसिकताका व्यक्ति नै मुलुकको कार्यकारी प्रधानमन्त्री बन्दा उनीहरू सम्बद्ध निर्वाचन क्षेत्रका बासिन्दाले केही हदसम्म लोकतन्त्रको अनुभूति गर्न पाए होलान् तर आमनेपालीले त्यस्तो अनुभूति गर्न पाएनन् । यो लोकतन्त्रको होइन, लोकतन्त्रको दुरुपयोग गरी स्वार्थ पूरा गर्ने नेताको दोष हो । यस्तै मानसिकताका नेता दल एवं निर्वाचन क्षेत्रवासीका नेताहरू हुन सक्छन् तर आमनेपालीको साझा नेता हुन सक्दैनन् ।

निकट भविष्यमा संघीय एवं प्रदेश संसद्को निर्वाचन हुँदै छ । आमनेपालीले यस निर्वाचनलाई निर्वाचन क्षेत्रमा सीमित हुने नेता विस्थापित गर्ने, मुलुकवासीलाई आफ्नो ठान्ने नेता स्थापित गर्ने अवसरका रूपमा लिएका छन् । आशा छ, मंसिर ४ को निर्वाचन परिणामले नेपाली भूमिमा व्याप्त राजनीतिक अन्धकार हटाई उज्यालो प्रकाश छर्नेछ । क्षेत्र केन्द्रित संकुचित मानसिकताकै स्वेच्छाचारी नेता पर म्परागत शैलीमै अहिले गाउँवस्तीमा सबलाई रहेका छन् । कतिले त मतदातालाई धम्काउँदै पनि छन् । गठबन्धनको नाममा मतदाताको मताधिकार कुण्ठित पार्न संगठित रूपमै लाग्दै छन् । केही नलागे सत्ता शक्तिकै दुरुपयोग गरेर उनीहरू साविकझैं निर्वाचित हुने दाउमा छन् । देश लुट्न पल्के का यस्ता व्यक्तिसँग भएको अकुत सम्पत्ति मत खरिदमा प्रयोग नहोला भन्न सकिन्न । तर, मतदाता सचेत बन्ने हो भने उनीहरूको सम्पूर्ण प्रयत्न असफल पार्न सक्छन् । हालसम्मका प्रधानमन्त्रीहरू क्रमशः केपी शर्मा ओली, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, देउवा शैलीकै अग्रपंक्तिका नेता मानिन्छन् । उनीहरूलाई लगाइएको यो अनर्गल आक्षेप होइन, उनीहरूकै कार्यशैली र अहिलेसम्मको राजनीतिक व्यवहार भोगेका मतदाताले अनुभूति गरेको कुरा हो । माओवादी केन्द्रकै अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको यसअघिकै अभिव्यक्ति स्मरण गर्ने हो भने उनकी छोरी रेणु दाहाल धन्न भरतपुर उपमहानगरपालिकाको मेयर पदमा विजयी भइनदिएको कारण हाम्रो संविधान बच्यो, मुलुक संकटग्रस्त बन्न पाएन । प्रचण्ड आफैं चितवनबाट निर्वाचनको क्रममा गोरखा पलायन भए पनि उनको विजय पराजयसँग देशको भविष्य निर्भर रहने हुँदा निर्वाचन परिणाम प्रतीक्षा गरौं । छोरीज्वाइँ, बुहारी, भाइ र प्रचण्डकै नजिकका नातेदारसमेत राज्यको सार्वजनिक पदमा आसीन भएनन् भने राष्ट्र संकटमा पर्न सक्छ, लोकतन्त्र नै धरापमा पर्छ, सुविधा सम्पन्न आमनेपाली जनताकै सुविधा हरण हुन्छ भन्ने चिन्ता प्रचण्डलाई छ । देउवा, प्रचण्ड र ओली शैलीकै नेताले ३०/४० बर्से राजनीतिक जीवनमा गर्न नसकेको कार्य आउँदो ४/५ बर्से कार्यकालमा गर्लान् ? .. क्रमशः . (राजधानीबाट)

अर्गानिक वातावरण बनाऔं

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराऔं ।
- सबैभन्दा ठुलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदुपयोग गरौं ।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं ।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं ।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्बरा शक्ति सुरक्षित राखौं । अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं ।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं ।
- विषदी र रासायनिक मलले माटोको उर्बरा शक्ति घटाउने कुरा बुझि राखौं ।

शरद लामा
निमित्त कार्यालय प्रमुख
कृषि विकास कार्यालय दुनै, डोल्पा
दुनै, डोल्पा

मताधिकार प्रयोगमा विवेक

- विनोदमोहन आचार्य

अक्षम मानिस राजनीतिमा आउनु भनेको अक्षम मानिसबाट मतदाता स्वयं शासित हुनु हो। अक्षम छान्नुको सजाय यही हो, यी भनाइ महान् युनानी दार्शनिक प्लेटोका हुन्। आसन्न निर्वाचनका सन्दर्भमा मतदानद्वारा प्रकट हुने सम्भावित नतिजाको प्रसङ्गमा यहाँ उद्धृत गर्न आवश्यक ठानिएको हो। मुलुक यतिखेर चुनावी माहोलमा होमिँदै छ। सङ्घ र प्रदेश दुवै तहका सांसद पदका लागि आगामी मङ्सिर ४ गते देशभरि एकैसाथ निर्वाचन हुन गइरहेको छ। कुनै पनि निर्वाचन चुनौतीपूर्ण हुन्छ नै, संवेदनशील पनि त्यत्तिकै हुन्छ। जसको आ-आफ्नै महत्व र भूमिका रहन्छ।

आवधिक निर्वाचन लोकतन्त्रको सुन्दर आभूषण

संविधानतः सामान्यतया प्रत्येक पाँच वर्षमा हुने संसदीय चुनावलाई आवधिक निर्वाचन भन्ने गरिन्छ। लोकतन्त्रमा निर्वाचनमार्फत नै मतदाताले खराबलाई दण्डित र असललाई पुरस्कृत गर्ने गरी जनादेश जारी गर्छन्। अतः दलहरूकै निमित्त पनि निर्वाचन आफ्नो लोकप्रियताको डिग्री वा नाडी छाम्ने एक महत्वपूर्ण मापन अथवा कडी पनि हो। त्यसैले आवधिक निर्वाचनलाई लोकतन्त्रको सुन्दर आभूषण भन्ने गरिएको हो।

बालिग मताधिकार

मताधिकार नैसर्गिक हक, अधिकार हो। संविधानको धारा १७ को उपधारा २ को (क) र (ग) मा स्वतन्त्रताको हक अर्थात् प्रत्येक नागरिकलाई आफ्नो इच्छाअनुसार आस्था र विचार राख्न, अभिव्यक्त गर्न तथा संविधान, कानुनबमोजिम दल खोल्न र सो दलमार्फत राजनीतिक गतिविधि गर्न छुट छ। जुन लोकतन्त्रको एक महत्वपूर्ण पाटो हो। संविधानतः १८ वर्ष उमेर पुगेका प्रत्येक व्यक्ति बालिग नागरिक मानिन्छन्। आसन्न निर्वाचनमा कुल एक करोड ७९ लाख ८८ हजार ५७० बालिगले आफ्नो मताधिकार प्रयोग गर्न पाउनेछन्। आगामी मङ्सिर ४ गतेका दिन यिनै मतदाताले सङ्घ र प्रदेशका सांसद पदका उम्मेदवारको भाग्यको फैसला गर्नेछन्। मतदान अमूल्य दान भएकाले आफ्नो सो मताधिकार प्रयोग गर्दा सुझबुझपूर्ण निर्णय गर्नुपर्ने बताइन्छ।

निर्वाचन आयोगको तयारी

कुनै पनि निर्वाचन भन्नेबित्तिकै यसअन्तर्गत विभिन्न चरण तय गरिएका हुन्छन्। ती चरणमध्ये आयोग अब अन्तिम चरण अर्थात् मतदान एवं सोको परिणामसम्बन्धी प्रक्रियाअन्तर्गतको तयारीमा जुटेको देखिन्छ। सोअनुरूप आवश्यक तयारी युद्धस्तरमा भइरहेको जनाइएको छ। समग्रमा आयोगको व्यवस्थापकीय पाटो सन्तोषजनक नै रहेको पाइएको छ, जुन सराहनीय छ।

प्रभावकारी मतदाता शिक्षा

एउटै मात्र मतको फरक वा अन्तरले पनि प्रतिनिधि चयनको परिणाम तलमाथि हुन सक्छ। त्यसैले दान गरिएको मतको पूर्ण उपयोग हुन सक्नुपर्छ। ठूलो, लामो, भद्दा धेरै निर्वाचन चिह्न भएका मतपत्रमा थोरै समयमा छुट्टाछुट्टै रूपमा छाप हान्नु भनेको निश्चय पनि आफैँमा झन्झट टलो कार्य हो। यस पटकको चुनावमा सङ्घ र प्रदेश गरी दुवैमा प्रत्यक्ष र समानुपातिकतर्फ गरी चार-चारवटा मतपत्रमा छुट्टाछुट्टै छाप लगाउनुपर्ने, सो चारवटामध्ये दुइटा रातो, दुइटा कालो रङको चिह्न भएका मतपत्र त्यस्तै रङ भएको स्टिकर लगाएका मतपेटिकामा छुट्टाछुट्टै तरिकाबाट खसाल्नुपर्ने व्यवस्था छ। अतः भरिसक्य कुनै पनि मतपत्र बदर नहोस् भन्ने कुराको हेक्का, तदनुरूपको तयारी गर्ने जिम्मेवारी निर्वाचन आयोगको मात्र नभई राजनीतिक दलको पनि हो।

गत वैशाखमा भएको स्थानीय तह निर्वाचनमा सबै पदमा खसेको दुई करोड ९४ लाख ८८ हजार ९८८ मध्ये ४२ लाख २० हजार ९४ मत बदर भएका थिए। यतिका मतपत्र खेर जानुका मुख्य कारणमा त्यसबखत मतदाता शिक्षा कार्यक्रम प्रभावकारी एवं व्यावहारिक नहुनु नै हो। विशेषगरी स्थानीय दल र उम्मेदवारको पनि चरम लापरवाही हो। तसर्थ विगतको सो अनुभवबाट पाठ सिक्दै निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रमलाई व्यावहारिक एवं प्रभावकारी तुल्याउने तर्फ आवश्यक पहल गरेको छ। साथै राजनीतिक दल वा उम्मेदवारका कार्यकर्ताले पनि घरदैलो कार्यक्रम गर्दा र अघिपछि पनि मतपत्रमा कुन चिह्नमा कसरी छाप लगाउने, कसरी मतपत्र पट्याउने भन्ने आदि कुरा न्यूनतम रूपमा प्रशिक्षित गराउनु उत्तिकै आवश्यक छ।

आचारसंहिताको पालना

आसन्न निर्वाचनको सन्दर्भमा विगतमा जसरी यस पटक पनि आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न गत असोज १२ गते जारी आचारसंहितामा केही संशोधन गरी आचारसंहिता, २०७९ जारी गरेको छ। जुन आचारसंहितामा स्वयं दलहरूले पूर्ण पालना गर्ने प्रतिबद्धतासमेत जनाएका छन्। निर्वाचनको स्वच्छता नै निष्पक्ष निर्वाचनको विश्वसनीयता हो। आसन्न निर्वाचनको विश्वसनीयताकै खातिर उक्त आचारसंहिता जारी गरिएको हो।

युवा वर्गको भूमिका

मुलुकमा संवत् २००७ सालको परिवर्तनपछि जनस्तरबाट जे-जति आन्दोलन भए, ती सबै परिवर्तन एवं समृद्धिकै खातिर भएका थिए। ती आन्दोलनमा अपार जनसहभागिता भनौं या अपार जनउभार, प्रायः युवा जमातकै बाहुल्य रहेको थियो। युवापुस्ता भोलिका भविष्य हुन्, जो परिवर्तनका संवाहक हुन् भनेर त्यसै भनिएको हो इन। हाल हुन गइरहेको निर्वाचनमा कुल मतदातामा ४९ प्रतिशत मतदाता १८ देखि ४० वर्षबीचका युवा छन्। यस्तै कुल मतदातामध्ये करिब २१ लाख ६९ हजार मतदाता विदेशमा रहेको अवस्था छ। जुन कुल मतदाताको १२ प्रतिशत जति हुन आउँछ। यो संवेदनशीलतालाई मनन गरी विदेशमा रहेका नागरिकको वास्तविक लगत सङ्कलन गर्न दर्ता प्रक्रिया अविलम्ब सुरु गरी आउँदो निर्वाचनसम्म मतदानमा सहभागी हुने वातावरण मिलाउनु, उनीहरूको मताधिकार सुनिश्चित गर्नु भनी संवत् २०७४ चैत ७ मा सर्वोच्च अदालतबाट आदेश भए पनि यो निर्वाचनसम्म आइपुग्दा सो आदेश कार्यान्वयनमा आउन सकेको छैन। सायद सरकारसामु पनि आफ्नै समस्या वा अरू त्यस्तै कुनै चुनौती वा बाधा अड्चन हुन सक्छन्। अबको समय भनेको परिवर्तनको समय अर्थात् देशमा समृद्धि वा विकासमा छलाङ मार्ने समय हो। हरेक आन्दोलन भनौं या चुनावी रुझान समृद्धि र परिवर्तनकै नाममा गर्ने गरिएको पाइन्छ। विडम्बना दलहरूका व्यवहार, कार्यशैली भने कछुवाको गतिजस्तै टिकट वितरणमा पराक्रम गर्न सक्ने जुझारू शिक्षित युवा जमातलाई भन्दा पनि परिक्रमा गर्ने, स्तुतिगान गाउने, सुकिला लुगा लगाउनेहरूले नै प्रायः प्राथमिकता पाउने गरेका छन्।

समय बदलियो, व्यवस्था बदलियो, सरकार बदलियो, परिवेश बदलियो, मतदाता बदलिँदैछन् तर त्यसको आकलन गर्न अथवा तदनुरूप मानसिकतामा परिवर्तन ल्याउन नेताहरूले नसकेको गुनासो सर्वत्र छ। त्यसैले नागरिक समाजका अगुवा, बुद्धिजीवी, पढेलेखेका मतदातासमेतले भन्न थालेका छन्- अब नेतृत्व वर्गले राजनीतिमा सक्रिय रहनुको साटो संरक्षकत्व ग्रहण गर्नु उत्तम हुनेछ। हिजो पनि अघिल्लो पुस्ताको नेतृत्वले अगाडि नबढाएको भए अहिलेको नेतृत्वले कसरी स्थापित हुने अवसर पाउँथ्यो र ? परिवर्तनका खातिर युवालाई नै अग्रसर तुल्याउनु जरुरी छ। युवा स्वयं पनि अब जाग्ने र तात्ने बेला आएको छ।

देशको राजनीतिलाई हराभरा पाने कार्यमा युवाकै भूमिका महत्वपूर्ण मानिन्छ। अपितु यो निर्वाचनमा सङ्घ र प्रदेश दुवै तहका लागि कुल उम्मेदवार पाँच हजार ६३६ रहेकामध्ये २५-४० वर्ष उमेर समूहकाको उम्मेदवारी सङ्ख्या एक हजार ८५३ (३०.८२ प्रतिशत) मात्र रहनु विडम्बना नै मान्नुपर्छ।

छार्का ताङसोङ गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला। आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्ल समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ।

छार्का ताङसोङ गाउँपालिकाको कार्यालय

कागकोट, डोल्पा